समृद्ध भोजपुर र सम्मानित भोजपुरेको आधार

कृषि, पूर्वाधार, उत्पादन र रोजगार

# भोजपुर समृद्धिका लागि मेरो मार्गचित्र



## हरिबहादुर राई

**प्रदेशसभा सदस्य उम्मेदवार,**
**भोजपुर निर्वाचन क्षेत्र नं. १**
**केन्द्रीय कमिटी सदस्य तथा**
**भोजपुर इन्चार्ज**
**नेकपा (एमाले)**

**अतिवाद होइन सहिष्णुता र सद्भाव**
**अराजकता होइन, समृद्धि र विकास**

**आदरणीय भोजपुरबासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू ।**

आसन्न २०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भोजपुरको प्रदेशसभा क्षेत्र नं १ बाट नेकपा (एमाले)को उम्मेदवारको रुपमा तपाईहरूको विचमा उपस्थित छु । उम्मेदवारी र प्रतिनिधित्वको हिसाबले नेकपा (एमाले)को उम्मेदवार भएपनि भोजपुरको विकास र समृद्धिको पक्षधर भोजपुरेहरूको साझा उम्मेदवारहरूको रुपमा तपाइँहरूले बुझीदिनु हुन अनुरोध गर्दछु । भोजपुर समृद्धिको मार्गचित्र पनि सोही अनुरुप प्रस्तुत गरेको छु ।

अभियानको क्रममा धेरै आदरणीय भोजपुरहरूले भन्नुभएको छ, 'सबै खालका अतिवाद, अराजकता विरुद्ध दृढतापूर्वक उभिएर समृद्धि र विकासको नेतृत्व गर्नुहोस् ।' हो, मेरो संकल्प र प्रतिबद्धता पनि यही हो । सबै खालका अतिवादहरू विरुद्ध जुरुक्कै उभिएर समतामुलक समाज सहितको समृद्ध भोजपुर मेरो संकल्प हो । जिल्लाभित्रका सबै वर्ग, धर्म, जातजातीका संस्कृती, रितिरिवाज परम्परा र पहिचानलाई संरक्षण र सर्म्बद्धन गर्दै सामाजिक एकतामा आधारित बलियो नेपाल राष्ट्र निर्माण गर्न हामी सबैको साझा कर्तव्य हो ।

तपाइँ हामीलाई थाहा छ, 'परिवर्तनको आन्दोलनहरूमा हामी भोजपुर र भोजपुरेहरूको इतिहास असाध्यै गौरवमय छ ।' परिवर्तनका आन्दोलनहरूमा तपाई हामीसँगै थियौं । यही गौरवमय इतिहासको विरासतमा उभिएर समृद्ध भोजपुर निर्माण अबको हाम्रो अभिष्ट हो । अबको हाम्रो उज्यालो र बाटो पनि यही हो । हाम्रो गौरवमय इतिहास भन्छ, 'परिवर्तनको लागि क्रान्तिको आगो र चेतनाको उज्यालो भोजपुरबाट सल्किएको हो ।' अब त्यही इतिहासलाई साक्षी राखेर म भन्छु, 'दुनियाँले देख्ने, सुन्ने र थाहा पाउने गरी उदाहरणीय समृद्धिको अभियान भोजपुरबाट सुरु गर्नेछौं ।'

यो मैले कुनै चुनावी नाराको रुपमा भनिरहेको छैन । यसको निम्ती स्पष्ट योजना, कार्यान्वयनको मार्गचित्र बनाएको छु । मत जाहेर गर्नु अघि मनलाई सोध्नुहोस्, 'पटक-पटक लडाइँका कुरा गर्‍यौं । अब विकास र समृद्धिको अभियान सुरु गर्ने बेला भएन र ?' हो, गौरवमय इतिहासको जगमा उभिएको हाम्रो चुनौतीपूर्ण र कष्टकर वर्तमानलाई उज्यालो भबिष्यमा रुपान्तरण गर्ने बेला भएको छ । त्यही सुन्दर भबिष्यको खातिर तपाईको मत यसपाली सूर्य चिन्हमा दिन अनुरोध छ । म बढो दृढता र इमानको साथ भन्छु, 'यसपाली मलाई यहाँहरूको अमूल्य मत

दिनुहोस्, म विकास र समृद्धिको हिसाबले पनि भोजपुरको परिचय र विम्ब बदल्छु।' माथि साल्पा सिलिछोदेखि तल अरुणसम्म, यता षडानन्ददेखि टेम्केमैयुङसम्म हेरुहेरु लाग्ने साँच्चिकै विकासको मोडल प्रस्तुत गर्नेछु ।

# भोजपुर समृद्धिको मार्गचित्र

## भोजपुर समृद्धिका लागि मेरा १७ संकल्प

- अब 'नो टुकी' : अब हरेक वडामा बत्ती बिजुली ।
- हरेक वडा, विशेष उत्पादन : उत्पादित वस्तुको बजार व्यवस्थापन ।
- अब 'नो खर' : सबैको घरको छानोमा च्यादर ।
- अरुण नदीका सबै परियोजनामा सेयर लगानी : समृद्ध बन्नेछ सबैको जिन्दगानी ।
- इरखुवा र पिखुवाको पानीमा सबैको लगानी : समृद्ध बन्नेछ सबैको जिन्दगानी ।
- एक घर, एक धारा : सफा खानेपानीको सुविधा सुनिश्चितता मेरो अभिभारा ।
- हरेक स्थानीय तहमा चिकित्सकसहितको अस्पताल : मर्ने छैनन् कोही अकाल ।
- हरेक वडादेखि पालिका/नगर केन्द्रसम्म पक्की सडक : बन्नेछ हाम्रो दैनिकी सहज ।
- सरकारी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि : बोर्डिङ छाडेर फर्किनेछन् विद्यार्थी ।
- किसानलाई उन्नत जातका बिउबिजन : कृषिको आधुनिकीकरण मेरो 'मिसन' ।
- सहरमा संघर्ष गरिरहेका तपाईंका छोराछोरी : उनीहरूको दुःखमा हुनेछु म साथी ।
- मुन्धुम पदमार्ग र तेन्जिङ हिलारी पदमार्गमा पर्यटकको भीड : हुने छैन हामीलाई पैसाको पीर ।
- एक वडा एक सहकारी : खाली हुने छैन हाम्रो भकारी ।
- एक वडा एक खेलकुद मैदान, एक पालिका/नगर एक रंगशाला : खेलाडीको संरक्षण मेरो अभिभारा ।
- सबै जातिको भाषा र संस्कृतिको संरक्षण : सहिष्णुता र सद्भाव मेरो अभियान ।
- सबै वडामा इन्टरनेट सेवा : हुने छैन अब सूचना र सञ्चार कसैको पेवा ।
- राष्ट्रिय सडक सञ्जालमा भोजपुर जोड्ने मेरो अभियान : अरुण नदीमा मोटरेबल पुल निर्माण ।

## भोजपुर निर्वाचन क्षेत्र नम्बर '१' स्तरीय गौरवका सडक आयोजना :

- भोजपुर-दिङ्ला, दिङ्ला - सतीघाट पक्की सडक ।
- दिङ्ला - बालुवानी - कुलुङ-चौकीडाँडा - खाटाम्मा - दोभाने पक्की सडक ।
- दिङ्ला - वाछ्रा, नेपालेडाँडा कुदाककाउँले - दाङमाया - दोभाने - साल्पाफेदी - बिलबाँटे - सोलु सडक ।
- हिलेभन्ज्याङ - बोया - साङपाङ - दिङ्ला पक्की सडक ।
- वालुवानी - मझुवा - ताबुटार - गोथेबजार - याक्खा - दोभाने - तेन्दो - फेदी पक्की सडक ।
- हिलेभन्ज्याङ - बोया - साङपाङ - दिङ्ला पक्की सडक ।
- तीन भंगालेदेखि कपासेभन्ज्याङ पक्की सडक ।
- सेतीबगर, रिमचिम, तिम्मा, पाङखाङ पक्की सडक ।
- अरुण नदीका विभिन्न घाट र केन्द्रहरूमा मोटरेबल पक्की पुल ।

## भोजपुर निर्वाचन क्षेत्र-'१' स्तरीय गौरवका पर्यटन योजना

- मुन्धुम पदमार्गलाई अन्तर्राष्ट्रिय स्तरको पर्यटकीय गन्तव्यको रुपमा विकास ।
- तेन्जिङ हिलारी पदमार्ग र साल्पा पोखरीलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास ।
- सामाजिक आन्दोलनकर्ता योगमाया न्यौपानेको जन्मस्थल, समाधिस्थल र शक्तिपीठलाई ऐतिहासिक पर्यटकीय स्थलको रुपमा विकास ।
- किरात राईहरूको सांस्कृतिक महत्व बोकेको सिलिछो चुलीलाई सांस्कृतिक गन्तव्य स्थलको रुपमा विकास ।
- मुन्धुम पदमार्गमा रहेको टेम्केडाँडालाई पयटकीय स्थलको रुपमा विकास र प्रवर्द्धन ।
- सावा महभीर झरनामा क्यानोनिङ तालिम केन्द्र सञ्चालन ।

## कृषि

- प्रत्येक वडाको कृषि सम्भाव्यताको अध्ययन र माटोको परिक्षण गरेर उत्पादनको योजना निर्माण ।
- कुन वडा के उत्पादनका लागि उपयुक्त छ ? त्यसको अध्ययनपछि उन्नत जातका बिउबिजन र बजारको व्यवस्थापन ।

- घरमा खाने मात्रै होइन, बेच्ने कृषि उत्पादनका लागि कृषकलाई अनुदान व्यवस्था।
- उत्पादन र उपलब्धताअनुसार हरेक स्थानीय तहमा एक जडीबुटीको प्रशोधन केन्द्र स्थापना।
- प्रत्येक स्थानीय तहमा एक चिस्यान केन्द्र स्थापना।
- अलैंची, चिराइतो, सुन्तला, कफी, किबी, आलु पकेट क्षेत्र बनाएर उन्नत जातका बिउ र बजारको व्यवस्थापन।
- ट्राउट माछापालनका लागि किसानलाई तालिम र सहयोग।

## स्वास्थ्य

- षडानन्द नगरपालिकाको केन्द्र दिङ्ला बजारमा ५० बेडको अस्पताल।
- साल्पासिलिछो, अरुण र टेम्के मैयुङ गाउँपालिकामा २५ बेडको अस्पताल।
- कम्तीमा तीन वर्षमा सबै नागरिकको स्वास्थ्य बिमा।
- ज्येष्ठ नागरिक, अपांगता भएका र विपन्न नागरिकको निःशुल्क स्वास्थ्य बिमा।
- हरेक एक वर्षमा घुम्ती स्वास्थ्य शिविर।
- सबै विद्यालयमा विद्यालय नर्सको व्यवस्था।
- हरेक वडामा बर्थिङ सेन्टर सञ्चालन।
- हरेक स्थानीय तहमा एम्बुलेन्स सेवा सञ्चालन।
- आर्थिक अभावकै कारण उपचार नहुने अवस्थाको अन्त्य।

## शिक्षा

- सरकारी विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि विशेष अभियान।
- नेपालको शैक्षिक इतिहासको गौरव बोकेको षडानन्द दिङ्लालाई पूर्वको शैक्षिक केन्द्रको रुपमा विकास।
- साल्पासिलिछो गाउँपालिका-६ स्थित सालेवामा प्राविधिक शिक्षालय।
- साल्पासिलिछो गाउँपालिका कुलुङ बहुमुखी क्याम्पसलाई उत्तरी क्षेत्रको शैक्षिक हबको रुपमा विकास।
- अरुण र टेम्के मैयुङमा प्राविधक शिक्षलय

## सडक र भौतिक पूर्वाधार विकास :

**१) षडानन्द नगरपालिका :**

- षडानन्द रिङरोड (सतिघाट, बालुवाबेंसी, सोमबारे, कुदाकाउले, खर्तामछा,

किमालुङ, साङपाङ, बाक्सिला, बिहीबारे, नखुवाखोला, धनसिंगे, टारीगाउँ, तुर्के, लम्सुवा हुँदै सतिघाट) निर्माण ।

- दिङ्ला-चिउरीबोटे, ल्याङ, नेपालडाँडा पक्की सडक निर्माण ।
- दिङ्ला-सालबोटे, झ्याउँपोखरी-याङगुवा सडक निर्माण ।
- दिङ्ला-तुंगेछा, सतल, बिहीबारे, वाक्सिला सडक कालोपत्रे ।
- याङवा, झ्याउपोखरी, रिट्ठाबोटे, दिङ्ला, खार्तम्छा कुदाककाउले ताबुटार सडक निर्माण ।

## २) साल्पासिलिछो गाउँपालिका :

- दोभाने-सालेवा-याङमा-ओखोरबोटे-खोटाङ सडक निर्माण ।
- कुलुङ-गोरुकाटेडाँडा-ताल डिलखर्क पक्की सडक निर्माण ।
- दोभाने-रातमाटे सडक निर्माण ।
- सिलबास्को च्याकशिला सडक निर्माण ।
- लिमखिम, पाङलुङ, माझखर्क, डिलखर्क सडक निर्माण ।
- याङमा ओखरबोटे, थुमलुङ, आइतबारे, ओसेप्ला, मातेल, फेदी, जौबारी ग्रामीण सडक निर्माण ।
- सालेवा, भमला, खाम्पादक र ओसेप्ला सडक निर्माण ।
- दुवारी-सुवारे सडक निर्माण ।
- बेङ्खुवा-डिलखर्क सडक स्तरोन्नति गर्ने ।
- याक्सा-खाटाम्मा-लिमखिम-दुम्मा सडक स्तरोन्नति गर्ने ।
- ताल-गोपेनी जोड्ने सडक निर्माण ।

## ३) अरुण गाउँपालिका :

- प्याउली-कुडुलेघाट कालोपत्रे सडक
- ट्र्याक नखुलेका सबै टोल बस्तीमा सडक सञ्जाल ।
- बन्चरे, चरम्बी, प्याउली, याँगुवा सडक कालोपत्रे ।
- प्याउली, चम्पे, हिलेभन्ज्याङ सडक कालोपत्रे ।

## ४) टेम्के मैयुङ गाउँपालिका :

- तीन भंगालेदेखि कपासेभन्ज्याङ सडक कालोपत्रे ।
- कोट, आहाले, केराबारी हुँदै पाटीगाँउ सडक निर्माण ।
- नागी, खावा, पिङडाँडा, कोट सडक कालोपत्रे ।

- पिङडाँडा भोर्नागी हुँदै पान्धारे सडक ग्राभेल ।
- गुम्बा, कोट, गोगने, पान्धारे सडक ग्राभेल ।
- बाघखोर, तिम्मा, सेतिबगर सडक ग्राभेल ।
- सिर्दली, नौलेगाउँ सडक ग्राभेल ।
- नौलेगाउँ, पन्ची, रुमला सडक ग्राभेल ।
- चोलन्ती, मझौले, रमिते सडक निमाण तथा स्तरोन्नति ।

## खेलकुद

- एक टोल एक खेलकुद क्लब ।
- एक वडा एक खेलकुद मैदान ।
- एक स्थानीय तह एक रंगशाला निर्माण ।
- खेलाडीहरूलाई सहयोग र सम्मान ।
- खेलकुद प्रतियोगिताहरूको आयोजना ।

## भाषा र संस्कृति

- संकटमा रहेका भाषाहरूको अभिलेखीकरण ।
- साकेला थानहरूको निर्माण ।
- देवाली थानहरूको निर्माण ।
- भोजपुरको विविधि संस्कृति झल्किने बहुसांस्कृतिक संग्रहालय निर्माण ।
- साल्पासिलिछोमा कुलुङ सांस्कृतिक संग्रहालय निर्माण ।
- गुम्बा र मन्दिरहरूको स्तरोन्नति गर्ने ।
- स्थानीय लोकसंस्कृति, लोककथा र लोकबाजाको संरक्षण र अभिलेखीकरण गर्ने ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

- महिला सीपमूलक तथा नेतृत्व विकास तालिम सञ्चालन गर्ने ।
- बालमैत्री कार्यक्रम सञ्चालन गर्ने ।
- ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- महिला क्षमता विकास कार्यक्रम गर्ने ।
- ज्येष्ठ नागरिक केन्द्र निर्माण गर्ने ।
- प्रत्येक वृद्धवृद्धालाई घरमै वृद्धभत्ता वितरण गर्ने ।

## सामाजिक न्याय

- न्यून आय र शारीरिक रूपमा अशक्तहरूलाई जीवन निर्वाहका लागि सहयोग गर्ने।
- न्यून आय भएका दलित समुदायका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।
- जातीय छुवाछूत र विभेदलाई सामाजिक अपराधको रूपमा लिएर कानुन कार्यान्वयन र आवश्यक परिमार्जनका लागि पहल गर्ने ।
- महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्ने ।
- पालिकालाई महिला हिंसामुक्त, बालविवाहमुक्त, बोक्सी प्रथामुक्त र छाउपडीमुक्त घोषणाका लागि स्थानीय तहसँग समन्वय गर्ने ।
- अपांगता भएका व्यक्तिहरूलाई उद्यमी बनाउन निःशुल्क तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

## सञ्चार

- सबै वडामा इन्टरनेटको पहुँच ।
- हरेक स्थानीय तहमा सञ्चार तथा सूचना केन्द्र ।

## मेरो प्रतिबद्धता :

- शासक होइन होइन जनताका सेवक रुपमा काम गर्नेछु ।
- म विकास र समृद्धिको अभियान्ता भएर जनतासँग सहयात्रा गर्नेछु ।
- स्थानीय सरकार र संघीय सरकारबिच पुलको काम गर्नेछु ।
- समृद्धि र बिकासको सर्न्दभमा स्थानीय सरकारका जनप्रतिनिधिसँग गहिरो सहकार्य र समन्वय गर्नेछु ।
- सुशासन र सदाचारको अभियान सञ्चालन गर्नेछु ।
- सबैसँग नियमित सम्पर्क र समन्वयमा रहनेछु ।
- हरेक ६ महिनामा तपाईंहरूसँग संवाद गर्न तपाईंको वडासम्म आइपुग्नेछुँ ।
- म जनताको हरेक दुःख र संकटमा साथ हुनेछु ।
- सम्झिनुहोस्, तपाईको दुःखमा साथ दिने एउटा साथी आजबाट थपिएको छ ।

**भोजपुरेको अवस्था बदल्ने मेरो अठोट**
**सूर्य चिन्हमा तपाईंको अमूल्य भोट**